# अन्तर्राष्ट्रिय फौजदारी अदालत र नेपालमा यसको औचित्य

*अधिवक्ता - कुलानन्द उपाध्याय*

## परिचय :

नेपालमा ०६३।४।९ गते प्रतिनिधि सभामा यसको अनुमोदनका लागि सरकारसँग अनुरोध गरेपछि यो बहसको बिषय बनेको छ । अन्तर्राष्ट्रिय फौजदारी अदालत (International Criminal Court ) नेदरल्याण्डको हेगमा अवस्थित छ । यो १७ जुलाई १९९८ मा संयुक्त राष्ट्र संघको कुटनीतिक महासभाद्वारा ग्रहण गरिएको हो । १९९८ मा स्वीकृतिको लागि खुला गरिएपछि १२० राष्ट्रहरुले रोम कानुन (बहुपक्षीय सन्धि) लाई स्वीकृती जनाएकोले यो स्थापित भएको हो । रोम कानुनलाई ६० वटा राष्ट्रहरुले अनुमोदन गरेपछि I C C (International Criminal Court ) ले जुलाई २००२ देखि आफ्नो काम प्रारम्भ गरेको हो । छोटकरीमा आई सी सी रोम बिधान अनुरुप अन्तर्राष्ट्रिय समुदायद्वारा खडा गरिएको एउटा स्थायी (Permanant), स्वतन्त्र (Independent), न्यायिक ( Judicial ) अंग हो, जसले अन्तर्राष्ट्रिय कानुन अन्तर्गत अत्यन्त गम्भीर अपराध, आम जनसंहार, मानवता बिरुद्धका अपराध, युद्ध अपराध र आक्रमणको अपराधमा न्यायिक कारवाही गर्दछ । Rom Statute of the International Criminal Court मा प्रस्तावना सहित जम्मा १३ भाग र १२८ धारा रहेका छन् । जो निम्न अनुसार छन् :-

१. प्रस्तावना,

२. भाग १ :- अदालतको स्थापना (Establishment of the Court) धारा १-४, भाग २ : क्षेत्राधिकार, स्वीकार्यता/मान्यता र सक्षमता -Jurisdiction, admissibility & applicable ) धारा ५-२१, भाग ३ : फौजदारी न्यायका सर्वमान्य सिद्धान्त : (general Principles of Criminal Law) धारा २२-३३, भाग ४ : अदालतको ढाँचा, बनावट र प्रशासन : -Composition & administration of the court ) धारा ३४-५२, भाग : ५ अनुसन्धान र अभियोजन : (Investigation & Prosecution) धारा ५३ - ६१, भाग ६ : पुर्पक्ष : (Trail) धारा ६२ - ७६, भाग ७ : सजाय (Penalties) धारा ७७-८०, भाग ८ : (Appeal & Revision) धारा ८१-८५, भाग ९ अर्न्राष्ट्रिय समन्वय/ सहयोग र न्यायिक सहायता (International Cooperatipon & Judicial Assistance) धारा ८६-१०२, भाग १०: कार्यान्वयन (Enforcement) धारा १०३-१११, भाग ११ : पक्षराष्ट्रको सभा :(Assembly of states Parties) धारा ११२-११२, भाग १२ आर्थिक(Finacing) धारा ११३ ११८, भाग १३ विविध / अन्त्यमा (Final clauses) धारा ११९-१२८ ।

## पृष्ठभूमि :

प्रथम र दोश्रो बिश्व युद्धको जन संहारपछि आजभन्दा झण्डै ५५ बर्षअघि न्यूरेम्बर्ग र टोकियोमा गठन गरिएको अन्तर्राष्ट्रिय ट्राईबुनलले मानवसंहार र मानवताविरुद्धको अपराधलाई दण्डित गर्ने प्रयास गरेको थियो । त्यसपछिका दिनहरुमा पनि बिश्व समुदाय बिशेषगरी राज्यहरुले मानवताबिरुद्ध गरेका जघन्य अपराधलाई दण्डित गर्न असफल रहेका छन् । राज्यहरुले अपराधीलाई दण्डित गर्न सकेनन् ।

सन १९४५ मा संयुक्त राष्ट्र संघको वडापत्रको आधारमा संयुक्त राष्ट्रसंघको स्थापना भयो । त्यसको लगत्तै अन्तर्राष्ट्रिय कानुन आयोग ILC (International Legal Commission) लाई न्यूरेम्बर्ग ट्राईबुनलका आधारमा कानुन निर्माण गर्न र अन्तर्राष्ट्रिय फौजदारी अदालतको बिधानको मस्यौदा तयार गर्न जिम्मा लगाइएको थियो । शितयुद्धका कारण उक्त प्रयास सफल हुन सकेन । न्यूरेम्बर्ग र टोकियो न्यायाधिकरणका साथै पूर्व युगोस्लाभिया र रुवाण्डाका लागि गठित अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरणले युद्ध अपराध र जनसंहारका अपराधीलाई सजाय गर्न नसकेकोले पछि १९९० को शरुवातमा श्रृजना भएकोले नयाँ अन्तर्राष्ट्रिय सम्बन्धका कारण रुवाण्डा र पूर्व युगोस्लाभियामा भएको अत्याचारको बिषयमा छलफल शुरुवात भयो । सन १९९५ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि तयार पारेको मस्यौदा विधानमाथि संयुक्त

राष्ट्र संघको महासभाद्वारा इटलीको रोममा छलफल भयो । टोगो र ट्रिनिडाड जस्ता साना मुलुकले संयुक्त राष्ट्र संघद्वारा हेरिनुपर्ने प्रस्ताव अघि सारेपछि यो बिषयले निकै प्रमुखताकासाथ तयारी आयोगका सभाहरुको आयोजना गऱ्यो । त्यसमा बिभिन्न राष्ट्रका प्रतिनीधिहरु, गैरसरकारी संस्था र अन्य समूहहरुले सक्रियतापूर्वक भाग लिए । १७ जुलाई १९९८ मा १२० राष्ट्रले रोम बिधानलाई समर्थन गरे । तर त्यस समयमा जम्मा २१ राष्ट्रले रोम बिधानलाई अनुमोदन गरे ।

६० वटा राष्ट्रहरुले अनुमोदन गरेपछि मात्र यो अदालत स्थापना हुने वैधानिक प्रावधान रहेकाले ११ अप्रिल २००२ मा संयुक्त राष्ट्र संघको मुख्यालय तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको मुख्यालय न्यूयोर्कमा फौजदारी अदालतको स्थापनाका लागि आवश्यक हस्ताक्षरसहित अनुमोदन स्थापनको लागि आवश्यक हस्ताक्षर सहित अनुमोदन गर्ने राष्ट्रको संख्या ६६ पुगेपछि १ जुलाई २००२ मा यो अदालत वैधानिक रुपमा स्थापना भयो । फेब्रुअरी २००३ सम्ममा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गर्ने राष्ट्रको संख्या ८९ पुगेको थियो भने हाल पछिल्लो तथ्याङ्क अनुसार रोम विधान अनुमोदन गर्ने राष्ट्रको संख्या लगभग १०० पुगेको छ ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतका पक्ष राष्ट्रहरु :

अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धि रोम बिधान अनुमोदन गर्ने राष्ट्रहरु :-

१. अफ्रिकामा २७ राष्ट्रहरु,
२. एशियाका १२ राष्ट्रहरु,
३. ल्याटिन अमेरिका र Caribbean (क्याराबियन) का २१ राष्ट्रहरु,
४. पूर्व यूरोपका १५ राज्यहरु,
५. पश्चिम यूरोप र अन्य गरी २५ राज्यहरु

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको संगठनात्मक ढाँचा :

१. पक्षराष्ट्रहरुको सभा - रोम कानुनलाई अनुमोदन गर्ने राष्ट्रका प्रतिनीधिहरु हुन्छन् । यसमा मुख्यतया चार अंगहरु हुन्छन् । जसमा :-

१. अध्यक्षता - अध्यक्ष र दुई उपाध्यक्षहरु,
२. च्याम्बर्स (मण्डल) :- १८ जना न्यायाधीश (पूर्वपूर्पक्ष, पुर्पक्ष र पुनरावेदन मण्डल)
३. अभियोक्ताका कार्यालय :- प्रमुख अभियोक्ता र दुइ जना उप अभियोक्ताहरु
४. दर्ता रजिष्ट्रार (दर्ता अधिकृत)

## अन्तर्राष्ट्रिय फौजदारी अदालतका बिशेषताहरु :-

१. बिधानमा ब्यबस्था भए अनुसार अदालतको क्षेत्राधिकारभित्र पर्ने मुद्दाहरुका सम्बन्धमा मात्र कारवाही अगाडि सारिन्छ ।

२. "भूतलक्षी कानुन" बनाई कारवाही गर्न नमिल्ने, दण्डहिनताको निषेध, मृत्युदण्ड निषेध, पीडित र साक्षीको सुरक्षा, निष्पक्ष र कानुनको उचित प्रकृया अपनाइने जस्ता फौजदारी कानुनको प्रमुख सिद्धान्तलाई कडाईका साथ अनुमोदन गरेको छ ।

३. यो विधान कार्यान्वयनमा आउनुअघि वा सम्बन्धित राष्ट्रले विधान अनुमोदन गर्नु अघि भएका अपराधिक गतिविधिबारे मुद्दा चलाउँदैन ।

४. अदालतले अपराधमा संलग्न सरकार प्रमुख, सरकार वा प्रतिनीधि सभा सदस्य निर्बाचित प्रतिनिधि अथवा सरकारी अधिकारीलाई फौजदारी उत्तरदायित्व बहन गराउन सक्छ ।

५. यसको क्षेत्राधिकारभित्र पर्ने फौजदारी दायित्व बहन गराउने अन्य आधारमा नेतृत्वको आदेशलाई अगाडि सारिन्छ । जस्तैं : कमाण्डरले नेतृत्व गरेको बल वा फौजले गरेको अपराधमा कामाण्डरले प्रभावकारी रुपमा त्यस्तो बल फौजलाई नियन्त्रण र सुपरीवेक्षण गर्न नसकेको भनी फौजदारी दायित्व बहन गराइन्छ । तर

माथिको आदेश पालना गर्दा भएका कार्यमा सैनिक वा व्यक्तिलाई फौजदारी दायित्व बहन गराउनबाट जोगाइन्छ ।

६. यो यस्तो अदालत हो जसले सरकारको हिस्सा बनेर वा सरकारसँग सम्बन्धित रहेर या सरकार परिवर्तन वा यथास्थितिमा फेरबदल ल्याउन बिद्रोहमा संलग्न समूहको हिस्सा वा सम्बन्धित रहेका व्यक्तिका अपराधको ठीक ढंगले निरुपण गर्न सक्दछ ।

७. यसले बिश्वव्यापी रुपमा राष्ट्रहरुले गरेका युद्धअपराध मानवताबिरुद्धको अपराध, जनसंहार र आक्रमणको अपराधका लागि राष्ट्रिय न्यायिक क्षेत्राधिकारबाट उम्किन सक्ने तानाशाह र अन्य अपराधीहरुलाई दण्डित गर्न सक्छ ।

८. मुद्दा चलाउने हदम्याद हुँदैन । आदि ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतमा संयुक्त राष्ट्र संघको भूमिका :

अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रहरुद्वारा छुट्टै विधान बनाई गम्भीर अन्तर्राष्ट्रिय फौजदारी अपराधका दोषीहरुलाई सजाय गर्न स्थापना गरिएको यो अदालतमा रोम विधानले परिभाषित गरेका त्यस्ता अपराधहरुमा सजायका लागि सिफारिस गर्न सक्दछ । संयुक्त राष्ट्र संघको सुरक्षा परिषदले सिफारिस गरी पठाएका कुराहरु संयुक्त राष्ट्र संघका सबै सदस्यहरुले रोम विधानलाई अनुमोदन गरेको नभए पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार बाध्यात्मक हुन्छ । सदस्य राष्ट्रले आफ्नो कानुनमा ICC अपराधी पक्राउ गर्न, समर्पण -Surrender) गर्न सहयोग गर्ने कानुनी व्यवस्था गर्नुको साथै अनुसन्धान, प्रमाणको सुरक्षा, साक्षी र पीडितको सुरक्षा गर्न र आफ्नो राष्ट्रको कारागारमा राख्न सहयोग गर्नुपर्दछ ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार :

मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघन भएमा र व्यक्तिद्वारा गरिएको गम्भिर अपराधलाई पनि हेर्दछ ।

**१. जनसंहार : -Genocide)** - कुनै पनि निश्चित समूहका जनतालाई पूर्णतः वा आंशिक रुपमा सखाप पार्ने लक्ष्य उन्मुख अपराध / कुनै पनि राष्ट्रिय जनजाति, जातीय वा धार्मिक समूहलाई सम्पूर्ण वा आंशिक रुपमा सखाप पार्ने निम्न कार्य :-

(१). समूहका सदस्यलाई मार्नु , (२) समूहको सदस्यलाई शारीरिक वा मानसिक नोक्सानी पुऱ्याउनु, (३) सम्पूर्ण वा आंशिक रुपमा भौतिक जनसंहार निम्त्याउन कुनै समूह्माथि नियतपूर्वक उनीहरुको परम्परा भन्दा पृथक जीवनशैली थोपर्नु,(४) जन्म निषेध गर्ने खालको कदम अघि बढाउन, (५) एक समूहका बालबालिका अर्को समूहमा वलजफ्ती, स्थानान्तरण गर्नु, साथै यसका लागि आदेश दिने सहयोग गर्ने वा बाध्य पार्ने व्यक्ति पनि अपराधी ठहरिन्छ ।

### २. **मानवताबिरुद्धको अपराध** : (**Crime against Humanity**) :

- ⇒ नागरिक विरुद्ध व्यापक वा योजनाबद्ध आक्रमणको रुपमा निम्न कार्यहरुलाई मानवताबिरुद्धको अपराधको रुपमा लिएको छ ।
- ⇒ तिनीहरु जानिजानी नागरिकको विरुद्धमा भएको हुनुपर्दछ,
- ⇒ त्यस्ता कार्यहरु राज्य वा सांगठनिक नीति पछ्याउने क्रममा भएको हुनुपर्दछ,

(क). हत्या (ख) सफाया अभियान / खाद्य औषधिको पहुँचबाट वञ्चित (ग) दासता (घ) जनसंख्याको बलजफ्ती स्थानान्तरण वा विस्थापन वा बसोबास छोड्न बाध्य पार्नु (ङ) थुनामा वा यातना (च) बलात्कार, यौन, दासता, जवर्जस्ती वेश्याबृत्ति, करणी तथा गर्भाधारण, बन्ध्याकरण (छ) कुनै चिन्हित समूह वा सामूहिकता विरुद्ध राजनीतिकलगायत कुनै दमन (ज) राज्यका राजनीतिक संगठनद्वारा वा उसको आधिकारीकता, स्वीकृति वा संलग्नतामा जवर्जस्ती वेपत्ता, गिरफ्तारी कैद वा अपहरण (झ) सत्ता टिकाउन

एकजातिद्वारा अन्य जाति समूहमाथि संस्थागत शासनको योजनाबद्ध उत्पीडन तथा जातिवादी कार्य र यसै प्रकृतिको अन्य अमानवीय कार्यहरु

### (३) युद्ध अपराध (War Crime) र

युद्ध अपराध, अपराधको योजना तथा नीतिको कुनै एकरुपमा वा व्यापक रुपमा हुनसक्छ।

(क) यो अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघनमा लागू हुन्छ।

(ख) जेनेभा महासन्धि १९४९ को साझा धारा ३ मा संरक्षित व्यक्तिमाथि गरिएको अपराध र धारा १४७ बमोजिम युद्ध अपराध भनी परिभाषित गरेका अपराधहरु,

(ग) अन्तर्राष्ट्रिय कानुन र परम्पराका गम्भीर उल्लंघनका कार्यहरु,

### ४. आक्रमणको अपराध (Crime of Aggression) :

अन्तर्राष्ट्रिय आक्रमण हस्ताक्षरकर्ता राष्ट्रहरुबीच छलफलको बिषय रहेको छ । एक देशले अर्को देशमाथि आक्रमण गरेमा हस्ताक्षरकर्ता राष्ट्रहरु यसको परिभाषा र तत्वमा सहमत भएपछि मात्र लागू हुन्छ ।सन् २००९ मा बस्ने  वैठकले परिभाषा तय गर्ने बताइएको छ।

## ICC मा मुद्दा हुनको लागि निम्न कुराहरुको आवश्यकता पर्दछ :

### १. क्षेत्राधिकार :

- क्षेत्राधिकार बिषय बस्तु :- नरसंहार / हत्या, मानवताविरुद्ध अपराध र युद्ध अपराध,
- व्यक्तिगत क्षेत्राधिकार :- १८ बर्ष भन्दा माथिका -
    - कमाण्डर र माथिल्लो अधिकारीको जिम्मेवारी,
    - पदीय हैसियत असान्दर्भिक हुन्छ,
    - क्षमादान नहुने
- समय क्षेत्राधिकार  :- जुलाई २००२ देखि पछि गरिएका अपराधहरु,

### २. सम्पूरकता (**Complementarity**) :

- ICC ले कुनै पनि देशका अदालतहरुलाई प्रतिस्थापित गर्दैन,
- सम्बन्धित देशका न्यायाधीशहरुले निर्णय गरिसकेको सन्दर्भमा यदि राज्य वास्तविक रुपले मुद्दा चलाउन अनिच्छुक वा असक्षम देखिएमा ICC ले अनुसन्धान र मुद्दा अगाडि बढाउन सक्छ।
- गाम्भीर्यता : अपराधको गाम्भिर्यता कति छ ?

## मुद्दा (उजुरी) पुग्ने - पुऱ्याउने विधि र सजाय :

- राज्य पक्षले अवस्थाको जानकारी गराएर,
- सुरक्षा परिषदले जानकारी गराएर,
- विधान अनुमोदन नगरेका देशहरुले पनि फौजदारी अदालतको क्षेत्राधिकार स्वीकार गरी जानकारी गराएमा,
- भरपर्दो सूचनाबाट (व्यक्ति वा गैरसरकारी संस्थाबाट) सजाय :

(क) ३० बर्षमा नबढ्नेगरी अपराधको मात्रानुसार निश्चित बर्ष सजाय,

(ख) जरिवाना

(ग) अपराधबाट प्राप्त सम्पत्ति जफत

## अनुसन्धान र पक्राउ

- ✓ हालसम्म अभियोक्ताले प्रजातान्त्रिक जनगणतन्त्र कंगो, युगान्डा र सुडानमा गरी ३ वटा अनुसन्धान शुरु गरेको छ ।
- ✓ हालसम्म ६ जना व्यक्तिहरुलाई अभियोग लगाइसकेको छ । ५ जना युगान्डाबाट र १ जना प्रजातान्त्रिक जनगणतन्त्र कंगोबाट
- ✓ आजसम्ममा प्रजातान्त्रिक जनगणतन्त्रमा कंगोबाट १ जनालाई पक्राउ गरेर ICC लाई हस्तान्तरण गरिसकेको छ ।

## नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धि रोम विधानलाई अनुमोदन गर्नु किन आवश्यक छ ?

- हालसम्म नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धि रोम विधानलाई अनुमोदन गरेको छैन । यही ०६३ साल श्रावन ९ गते प्रतिनीधि सभाले सरकारसँग अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम बिधान अनुमोदनका लागि अनुरोध गरेपछि नेपालमा यस सम्बन्धि बहस र चर्चा चल्न थालेको छ । यसर्थमा निम्न लिखित कारणबाट नेपालले यसलाई अनुमोदन गर्नु आवश्यक छ ।

(क) रोम विधान अनुमोदन गरेपश्चात युद्ध अपराध नरसंहार र मानवताका बिरुद्धका अपराधीहरुलाई कारवाही गर्न,
(ख) देशमा व्याप्त दण्डहीनताको अन्त्य गरी कानुनी राज्यको स्थापना गर्न,
(ग) दण्डहीनता र अपराधिक दायित्वबाट मुक्ति हुने चलनको अन्त्य गर्न,
(घ) रोम विधान अनुमोदन भएमात्र अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पुग्न सकिने बाटो खुल्ने भएकाले राष्ट्रिय स्तरमा दोषीहरुलाई सजायको भागी हुनबाट उम्कने र राजनीतिक संलग्नता तथा प्रभावका आधारमा दोषीहरुले छुट पाउने परिपाटीको अन्त्य गरी पीडितलाई न्याय दिलाउन,
(ङ) अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रदान गरेका अधिकारहरुको रक्षा गर्न तथा अन्तर्राष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयन गर्न,
(च) भबिष्यमा अन्याय र अपराधलाई प्रश्रय नदिन, मानवताबिरुद्धको अपराध र युद्ध अपराध बिरुद्ध दण्डहीनताको अन्त्य गर्न,
(छ) नेपालको सामाजिक सुरक्षा र सामाजिक न्यायमा असक्षम बर्गको पहुँच पुऱ्याउन र सामाजिक सुरक्षा तथा सामाजिक न्यायको बहाली गर्न,
(ज) कुनै पनि स्वेच्छाचारी दमन, युद्ध, नरसंहार, हत्या-हिंसाको चपेटाबाट नेपाली जनतालाई बचाउन,
(झ) अपराध र अपराधीलाई निषेध र निरुत्साहित गर्न,
(ञ) अन्तर्राष्ट्रिय समुदायसँग समझदारी कायम गर्न,
(ट) अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिबद्धतालाई वास्तविकता प्रदान गर्न।,
(ठ) पीडितहरुका लागि भरपर्दो न्यायिक मञ्च प्रदान गर्न,
(ड) न्यायिक कारवाहीलाई अगाडि बढाउन अदालत अनिच्छुक वा असहमत भएको सवालमा न्यायिक क्षेत्राधिकारको अभ्यास गर्न । आदि ।

## रोम विधान अनुमोदनका लागि भएका र गर्नुपर्ने प्रयासहरु :

२०५८ सालमा coliation for ICC का सदस्यहरुको एक टोली नेपाल आएको थियो । टोलीले मन्त्रीहरु ,सत्तारुढ र प्रतिपक्षी दलका पदाधिकारी ,राष्ट्रिय मानवअधिकार आयोग , मानवअधिकार संघ संस्थाहरुसँग भेटघाट गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई नेपालले अनुमोदन गर्न सल्लाह दिएका थिए। सो भेटघाटमा सबै पक्षका पदाधिकारीहरुले अदालतको अनुमोदनमा आफू सकारात्मक रहेको कुरा व्यक्त गरेका थिए। तर,सरकारले हस्ताक्षर गर्ने प्रयास गरेन् ।

ईन्सेक सचिवालय रहेको अन्तर्राष्ट्रिय अदालतका लागि राष्ट्रिय सञ्जाल नेपालले रोम विधानको अनुमोदन गर्नुपर्छ भनी वकालत / पैरवी गर्ने काम गर्दै आएको छ। यसैक्रममा सञ्जालले ०६३ साउन १गते न्याय दिवसको दिन सभामुख सुवास नेवाङ्गसमक्ष ज्ञापनपत्र बुझाउदै रोम विधानको अनुमोदन गराउन अनुरोध गरयो । फलस्वरुप साउन ९ गते प्रतिनिधिसभाको बैठकले संकल्प प्रस्ताव पारित गरी रोम विधान पारित गर्न सरकारलाई निर्देशन दियो । **अब गर्नुपर्ने प्रयासहरु** :

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा रोम विधान अनुमोदनका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि गठित बृहत सञ्जाललाई अझ बढी सक्रिय बनाउनु पर्ने,
- नागरिक समाज र गैससहरुको दवावमूलक समूह / सञ्जाल निर्माण गरी प्रतिनीधि सभा तथा सरकारलाई दवाव दिने,
- यसको प्रचारप्रसार गर्ने गराउने,
- राजनीतिक दल, सांसदहरु लगायत सरकारी निकायका ब्यक्तिहरुसँग ICC सम्बन्धी अन्तर्क्रिया, छलफल, बहस चलाउनु पर्ने । यसका लागि राजनीतिक दलहरुले पार्टीको नीतिगत धारणा बनाउनु पर्ने, आफ्नो जनवर्गीय संगठन मार्फत सरकारलाई दबाव दिन पहल गर्ने, पत्रकारहरुले पत्रपत्रिका मार्फत विभिन्न किसिमले प्रचार प्रसार गर्नु पर्ने, कानुन ब्यबसायीले बार मार्फत सम्पूर्ण कानुन व्यवसायीहरुलाई यसको जानकारी गराई अनुमोदनका लागि रिट लगायत आवश्यक कानुनी कारवाही प्रक्रिया चलाउनु पर्ने, अन्य विभिन्न पेशा, वर्ग, समुदाय समेतलाई यस बिषयमा सचेत पारी प्रचार प्रसार गर्न गराउन लगाउने आदि ।

## सन्दर्भ सामाग्री :


- Rome Statute of the International Criminal Court श्रोत - रा.मा.आयोग क्षे.का. धनगढी, वेवसाईट ।
- अन्तर्राष्ट्रिय कानुन - डा. गोपाल शर्मा,
- मानवअधिकार शिक्षामाला - इन्सेक,
- फौजदारी न्याय सम्बन्धी मानवअधिकारको मापदण्ड - न्याय तथा अधिकार वकालत मञ्च,
- कान्तिपुर दैनिक २०६३ श्रावण २८ पृष्ठ ७,
- अन्तर्राष्ट्रिय फौजदारी अदालतका लागि राष्ट्रिय सञ्जाल - बिद्या चापागाई,
- जेनेभा महासन्धि १९४९